# साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रदेश सरकार, (माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर)
मिति २०७५/०८/१७ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, बिराटनगर

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

# साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकार मन्त्रीस्तरीय मिति २०७५/०८/१७ को निर्णयबाट स्वीकृत)

## १. पृष्ठभूमि

कृषि वालीको उत्पादन तथा उत्पादकत्व बढाउन सिंचाईको महत्वपूर्ण भूमिका रहेको हुन्छ। ठूला सिंचाई आयोजनाहरुको निर्माणमा लागत खर्च र समय बढी लाग्ने तथा तत्काल किसानको समस्या समाधान गर्न नसकिने भएकाले किसानहरुको वास्तविक आवश्यकतामा आधारित सामूहिक उपभोगका स-साना सतह सिंचाई प्रणाली संरचनाहरु, वर्षातको पानी जम्मा गर्ने पानी पोखरीहरु, भूमिगत सिंचाई प्रणाली, नवीनतम् प्रविधिमा आधारित सिंचाई प्रणालीको निर्माण, सञ्चालन एवं मर्मत सम्भार गरी सिंचाई व्यवस्थापन गर्न अनुदान सहयोग दिई सिंचाई सुविधा सुनिश्चतता गर्न प्रदेश सरकार, प्रदेश नं १ ले आ.व.०७५/७६ देखि **साना सिंचाई विशेष कार्यक्रमलाई** विशेष महत्व दिई वजेट व्यवस्था गरेको छ । तसर्थ यस कार्यक्रमलाई व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले सन्चालन होस भन्ने अभिप्रायले "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५"को दफा ३(१) को अधिकार प्रयोग गरि भूमि व्यवस्था, कृषितथा सहकारी मन्त्रालयबाट **साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५** तयार गरिएको छ । खाद्य सुरक्षा एवं आय आर्जनको पृष्ठभूमिमा सञ्चालन गरिने यो कार्यक्रम कृषक सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/ व्यवसायिक कृषि फार्महरुमा केन्द्रित रहेर कार्यान्वयन गरिनेछ ।

## २. उदेश्यः 
सिंचाई क्षेत्रको विस्तार मार्फत कृषि बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै आय आर्जनको माध्यमबाट गरीवी निवारणमा टेवा पुऱ्याउने ।

## ३. परिभाषा

**यस निर्देशिकामाः**

३.१ साना सिंचाई विशेष कार्यक्रम भन्नाले पहाडमा बढीमा २५ हेक्टर र तराईमा बढीमा २०० हेक्टरसम्म (सिंचाई नीति, २०७०) सिंचाई हुने गरी नेपाल सरकारको तर्फबाट बढीमा रु. तीन लाख सम्मको अनुदान सहयोग र उपभोक्ता समेतबाट इष्टिमेटको कम्तीमा १५ प्रतिशतको रकम नगद वा जिन्सी वा श्रमदान वा तिनै थरीको सहयोग योगदान स्वरुप उपलव्ध गराई निर्माण गरिने स-साना सतह सिंचाई प्रणाली संरचनाहरु, वर्षातको पानी जम्मा गर्ने पानी पोखरीहरु, भूमिगत सिंचाई प्रणाली, नवीनतम प्रविधिमा आधारित सिंचाई प्रणालीलाई जनाउँदछ ।

३.२ सहकारी संस्था/उपभोक्ता संस्था वा समिति/कृषक समूह/ कृषि फार्म भन्नाले मान्यता प्राप्त हुने गरी स्थापित भई सक्रिय रुपमा कार्य गरिरहेका कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिति/कृषक समूह/ कृषि फार्महरुलाई जनाउँदछ ।

## ४. आयोजना छनौटका आधारहरूः

आयोजना छनौटका आधारहरु तपसिल बमोजिम रहनेछन् ।

क) संस्थाको सक्रियता तथा सवलता
ख) समावेशिता
ग) आयोजनाको लागि वित्तिय सहभागिता

सचिव

घ) आयोजनाको किसिम :

- तराई तथा भित्रि मधेसको हकमा सतह सिंचाई, भूमिगत सिंचाई तथा नवीनतम प्रविधिमा आधारित सिंचाईलाई क्रमशः प्राथमिकता क्रम राखिनेछ । भूमिगत सिंचाईको हकमा आयोजना पूर्ण प्याकेज (Complete Package) को रुपमा हुनुपर्ने छ ।
- मध्य पहाडी तथा उच्च पहाडी क्षेत्रमा सतह सिंचाई, वर्षातको पानी जम्मा गर्ने पानी पोखरीहरु, भूमिगत सिंचाई तथा नवीनतम प्रविधिमा आधारित सिंचाईलाई क्रमशः प्राथमिकता क्रम राखिनेछ ।पाईपद्धारा संचालन गरिने सतह सिचाइको हकमा २० एम.एम. वा सो भन्दा बढी ब्यासको पाईप समावेश भएको आयोजनालाई प्राथमिकता दिईने छ ।

ङ) कार्यक्रमको आवश्यकता तथा प्राथमिकता:

च) सिंचित क्षेत्रफल विस्तार र कृषि व्यवसायिकरणको सम्भावनाः

छ) अन्य

**५. संयोजक र निजको प्रमुख दायित्व**

साना सिंचाई विशेष कार्यक्रमको लागि कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृतलाई संयोजक तोकी जिम्मेवारी दिने वा निज नभएको खण्डमा प्रमुखले कुनै अधिकृत वा कर्मचारीलाई संयोजक तोकी जिम्मेवारी सुम्पिनु पर्नेछ ।

४.२ संयोजकले जिल्लाका अन्य सम्बन्धित प्राविधिकको सहयोगमा निरीक्षण, अनुगमन जस्ता कार्यहरु गर्नु पर्नेछ ।

४.३ संयोजकले प्रत्येक आयोजना सम्बन्धी भए गरेका कार्यहरुको संक्षिप्त अभिलेख राखु पर्नेछ ।

**६. कार्यक्रम सञ्चालन प्रक्रिया**

६.१ **सूचना प्रवाह –** कृषि ज्ञान केन्द्रले साना सिंचाई विशेष कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने आधारहरु तथा कार्यविधि बारे आ–आफनो क्षेत्रमा सूचना संचार प्रविधिका उपयुक्त माध्यमबाट कम्तिमा ३० दिनको सूचना प्रवाह गराउनु पर्नेछ ।

६.२ **निवेदन –** उपर्युक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि सिंचाई आयोजनाको कार्यान्वयनको लागि सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/ कृषि फार्मबाट निवेदन/माग फाराम कृषि ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ (अनुसूची १) । यसरी माग पत्र दर्ता गराउँदा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहको तर्फबाट प्रति आयोजना रु. १००।– का दरले राजस्व दाखिला गरी बैंक भौचर वा नगद पेश गर्नुपर्नेछ।

आयोजना छनौट भैसकेपछि सम्झौता गर्ने समयमा स्थानीय निकायको आयोजना सिफारीस पत्र अनिवार्यरुपमा संलग्न गर्नुपर्नेछ।

**६.३ स्वघोषणाः** आयोजना मागको निवेदन दर्ता गराउँदा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फार्महरुको तर्फबाट आयोजना माग गरेकै कामका लागि दोहोरिने गरी अन्य कुनै पनि निकायबाट अनुदान माग नगरेको स्वघोषणा समेत संलग्न गर्नुपर्ने छ ।

६.४ आयोजना (स्कीम) को मोटामोटी लागत र निवेदक संस्था /समूह/ फार्मले व्यहोर्ने प्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनुपर्नेछ ।

सचिव

६.५ **छनौट प्रक्रिया –** कृषि ज्ञान केन्द्रले दफा ३ वमोजिम साना सिंचाई कार्यक्रम वारे माग भई आएका निवेदनहरु कार्यविधिको दफा ३ वमोजिमका आधारहरुको अधिनमा रही प्रारम्भिक छनौट गरी साना सिंचाई विशेष कार्यक्रम छनौट समितिबाट पारित गराउनु पर्नेछ । यसरी पारित भएका आयोजना (स्कीम) हरुको लागत इष्टिमेट देहाय अनुसार हुनु पर्नेछ ।

(क) रु. १,५०,०००।– सम्म लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा इरिगेशन इञ्जिनियरिङ विषयमा तालिम प्राप्त प्रा.स./ना.प्रा.स.ले स्थलगत सर्भेक्षण गरी लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि कृषि ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ ।

(ख) रु. १,५०,०००।– भन्दा वढी लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा उपलव्ध भएसम्म भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत इन्जिनीयर/सब-इन्जिनीयरबाट र सो उपलव्ध नभए मात्र अन्य सरकारी निकायमा कार्यरत इन्जिनीयर/सब-इन्जिनीयर/असिस्टेन्ट सब-इन्जिनीयरवाट स्थलगत सर्भेक्षण गरी लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि कृषि ज्ञान केन्द्रमा पेश गर्नुपर्नेछ ।

(घ) यी सवै किसिमका स्किमको लागत इष्टिमेटको स्वीकृति कृषि ज्ञान केन्द्रका प्रमुखवाट गर्नु पर्नेछ । उक्त कार्यको लागि आवश्यक पर्ने दै.भ्र.भ. कृषि ज्ञान केन्द्रबाट उपलब्ध हुनेछ।

**६.६ साना सिंचाई विशेष कार्यक्रम छनौट समिति**

साना सिंचाई विशेष कार्यक्रम आयोजनाहरु छनौटका गर्न तथा सो कार्यक्रमको स्थानीय स्तरमा समन्वय तथा अनुगमन मुल्याङ्कनका लागि तपसिल बमोजिमको एक समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | अध्यक्ष |
| प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | उपाध्यक्ष |
| जिल्लामा अवस्थित कृषि तथा पशुपंक्षी विकास मन्त्रालयसँग सम्बन्धित कार्यक्रम/आयोजना/कार्यालयका प्रमुख | सदस्य |
| प्रमुख, जलश्रोत तथा सिंचाई विकास डिभिजन | सदस्य |
| प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| कृषक प्रतिनिधि – १ महिला सहित बढीमा २ जना लगातर बैठकमा नदोहोरिने गरी | सदस्य |
| कृषि अर्थ विज्ञ, कृषि ज्ञान केन्द्र | सदस्य |
| प्रमुख, कृषि ज्ञान केन्द्र | सदस्य- सचिव |
| कार्यक्रम संयोजक (साना सिंचाई विशेष कार्यक्रम) | सह सदस्य- सचिव |

**द्रष्टव्यः समितिमा उल्लेख गरिएका सदस्यहरु बाहेक कार्यक्रममा सहयोग पुऱ्याउन आवश्यक देखिएमा बढीमा दुई जना व्यक्ति संस्थाको प्रतिनिधिलाई सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ ।**

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

**६.७ लागत इष्टिमेट –** लागत इष्टिमेट तयार गर्दा कूल लागतको (जनसहभागिताको रकम बाहेक) ५ प्रतिशत कन्टिन्जेन्सी स्वरुप राखिनेछ जुन रकम कृषि ज्ञान केन्द्रले साना सिचाई कार्यक्रम अनुगमन मुल्याङ्कन तथा मसलन्द सामाग्री र अन्य व्यवस्थापकिय कार्यमा नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च गर्नुपर्नेछ।

**६.८ संशाधन परिचालन तथा कार्यान्वयन योजना –** कृषि ज्ञान केन्द्रले सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/ कृषि फार्मको सहभागितामा कार्यान्वयन योजना तयार पार्नु पर्नेछ । आयोजना कार्यान्वयनमा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फार्म र कृषि ज्ञान केन्द्रले आ– आफनो उत्तरदायित्व प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

**६.९ इरिगेशन ईन्जिनियरिङ्ग तालिम –** रु. १,५०,०००।– सम्मका स्कीमको लागि इष्टिमेट तयार गर्न सक्ने गरी क्षमता विकास गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगतका तालिम संस्था (कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र) बाट कृषिमा कार्यरत प्रा.स./ना.प्रा.स. हरुलाई कृषि इरिगेशन इन्जिनीयरिङ्ग विषयमा तालिम दिने व्यवस्था हुनेछ ।

**६.१० कार्य सञ्चालन –** नेपाल सरकारको प्रचलित ऐन नियम वमोजिम कृषि ज्ञान केन्द्रले अग्रसरता लिई सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फार्मद्वारा पारदर्शिता अपनाई निर्माण कार्य गराउनु पर्नेछ । निर्माण सम्बन्धी प्रक्रियागत एवं व्यवस्थापकीय जिम्मेवारी कृषि ज्ञान केन्द्रको रहनेछ ।

**६.११ कार्य सम्पन्न प्रतिवेदन –** डिजाइन, इष्टिमेट र सम्झौता अनुसार आयोजना (स्कीम) को कार्य पूर्ण रुपले सम्पन्न भई सञ्चालन भएको अवस्थामा तपसिल वमोजिम कार्य सम्पन्न प्रतिवेदन दिनु पर्नेछ ।

- निर्माण कार्य सुपरभिजन गर्ने वा फाइनल विल तयार गरी भुक्तानीको लागि पेश गर्ने वा सुपरभिजन गरी फाइनल विल तयार गर्ने प्राविधिकबाट आइटमवाइज कार्य सम्पन्न प्रतिवेदन तयार गरी सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/ कृषि फार्ममा पेश गर्ने ।
- यसरी प्राप्त कार्य सम्पन्न प्रतिवेदन वारे सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/ कृषि फार्म तथा सम्बन्धित कृषि ज्ञान केन्द्रबाट स्थलगत निरीक्षण गरी सन्तोषजनक रुपमा सम्पन्न भएको निर्माण कार्यको अन्तिम भुक्तानी र स्कीमको संचालन अवस्था वारे संस्था/समिति/समूहको वैठकबाट निर्णय गराई कृषि ज्ञान केन्द्रमा पेश गर्ने ।
- वैठकको निर्णय सहित कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि कार्यक्रम संयोजकको सिफारिसमा कृषि ज्ञान केन्द्रले साधारणतया १ (एक) हप्ता भित्र फाइनल भुक्तानी दिने व्यवस्था गर्नेछ ।
- आयोजनाको प्रकृति अनुसार कार्य प्रगतिको आधारमा १– ३ पटकमा भुक्तानी दिने । एकैपटक भुक्तानी दिनुपर्ने अवस्थामा कार्यसम्पादन प्रतिवेदन तयार पारी स्कीमको सञ्चालनको अवस्थाबारे संस्था/समिति/समूहको बैठकबाट निर्णय गराई संयोजकको सिफारिशमा भुक्तानी दिन सकिनेछ । १ पटक भन्दा बढी किस्तामा रकम भुक्तानी गराउनु पर्ने खण्डमा सम्झौता पत्रमा स्पष्ट खुलाउनु पर्नेछ ।
- कृषि ज्ञान केन्द्रले कार्यसम्पन्न भएका आयोजनाहरुको जानकारी साना सिंचाई विशेष कार्यक्रम छनौट समितिमा गराउने र सम्बन्धित संस्था/समिति/समूह/ कृषि फार्मलाई कार्य सम्पन्नताको प्रमाण पत्र सहित आयोजना हस्तान्तरण गर्ने ।



सचिव

**६.१२ मर्मत/सम्भार –** आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सोको मर्मत/सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह तथा कृषि फार्मको हुनेछ ।

**६.१३ अनुगमन/सुपरिवेक्षण –** साना सिंचाई विशेष कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्बन्धित कृषि ज्ञान केन्द्रको अतिरिक्त सम्बन्धित साना सिंचाई विशेष कार्यक्रम छनौट समिति,सम्बन्धित कृषि विकास निर्देशनालय,भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट गरिनेछ ।

**७. प्रगति प्रतिवेदन**

प्रगति प्रतिवेदन तथा कार्य प्रगतिको मूल्यांकन देहाय वमोजिमको प्रतिशतमा समायोजन गरी प्रस्तुत गर्नु पर्नेछ

- सूचना प्रकाशन, निवेदन संकलन, प्रारम्भिक सर्भेक्षण र प्राथमिकता निर्धारण – १०%
- आयोजना पहिचान, लागत ईस्टिमेट तयारी, आयोजना छनौट सम्झौता तथा कार्य आदेश – २०%
- कार्य सम्पादन निरीक्षण, कार्य सम्पादन प्रतिवेदन तथा भुक्तानी – ७०%

मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदनहरु र अनुसूची ४ बमोजिमको अभिलेख जिल्ला समन्वय समिति, कृषि विकास निर्देशनालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा नियमित रुपले उपलव्ध गराउने ।

**८. कार्य तालिका**

कृषि ज्ञान केन्द्रले साना सिंचाई विशेष कार्यक्रम अन्तर्गतका आयोजनाको कार्यान्वयनको लागि एक कार्य तालिका निर्माण गरी यथासमय सम्पन्न गर्नु पर्नेछ ।

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर, नेपाल

अनुसूची १

साना सिंचाई विशेष कार्यक्रमबाट सहयोगको लागि दिनुपर्ने निवेदन

विषय : साना सिंचाई विशेष कार्यक्रमबाट सहयोगको लागि अनुरोध ।

श्रीमान् प्रमुखज्यू,

कृषि ज्ञान केन्द्र,....................................................

प्रदेश नं १

महोदय,

हामी निम्नलिखित निवेदन फाराम (क) मा हस्ताक्षर भएका व्यक्तिहरुबाट जिल्ला ............... महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका/ गाँउपालिका .................... वडा नं. ....... मा अवस्थित .................................................. सिंचाई आयोजनाको लागि साना सिंचाई विशेष कार्यक्रमवाट सहयोग पाउँ भनी वर्तमान तथा सम्भावित उपभोक्ताहरुको तर्फवाट प्रति आयोजना रु.१००।– (एकसय) का दरले राजश्व दाखिला गरेको बैंक भौचर वा नगदै पेश गरी आयोजना कार्यान्वयनमा लाग्ने मोटामोटी वजेट र समूहको निर्णयको प्रतिलिपी सहित यो निवेदन दिएका छौं । हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनुपर्ने नीति र कार्यविधीहरु सम्पूर्ण रुपमा वुझेका छौं र त्यसै अनुसार पूर्ण रुपमा सहमत छौं । यसका लागि आवश्यक निवेदन फारामहरु (क), (ख) र (ग) सम्बन्धित कर्मचारीको मद्दतवाट भरी पेश गरेका छौं ।

**स्वघोषणाः हामीले माग गरेको आयोजनाको कामकै लागि दोहोरिने गरी अन्य कुनै पनि निकायबाट अनुदान रकम माग गरेका छैनौं ।**

निवेदक

कृषि सहकारी/जल उपभोक्ता समिति/कृषक समूह/ कृषि फार्मको

अध्यक्ष/प्रतिनिधिको नाम :

हस्ताक्षर :

मिति :

संस्थाको छाप :

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

## निवेदन फाराम (क)

### सतह सिंचाईको लागि निवेदन साथ संलग्न हुनुपर्ने निवेदन फाराम

| क. सं. | उपभोक्ता निवेदकहरुको नाम | ठेगाना स्थानीय निकायको नाम तथा वार्ड नं | प्रतिनिधित्व गरेको क्षेत्र (शिर, मध्य र पुछार) | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |

द्रष्टव्य : उपरोक्त १५ जना जल उपभोक्ता निवेदकहरु मध्ये शीर, मध्य र पुछारबाट ५–५ जनाको प्रतिनिधित्व हुनुपर्नेछ । एक परिवारबाट एक जना जग्गा धनीमात्र सदस्य रहनेछ ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

निवेदन फाराम (ख)

सिंचाई आयोजना सम्बन्धी आधारभूत जानकारी

१. आयोजना सम्बन्धी विवरण

१.१ प्रस्तावित आयोजनाको नाम : ..................................................................................................................

१.२ प्रस्तावित आयोजनाको किसिम : नयाँ, मर्मत सुधार वा अन्य खुलाउने: .........................................................

१.३ प्रस्तावित आयोजनाको ठेगाना : जिल्ला ......... स्थानीय निकायको नाम .................... वडा नं. ........

१.४ (क) वर्तमान जल उपभोक्ताहरुको परिवार संख्या : ............................

(ख) वर्तमान जल उपभोक्ताहरुको संख्या : .......................................

१.५ (क) थप सम्भाव्य परिवार संख्या : ...................................................

(ख) थप सम्भाव्य जल उपभोक्ता संख्या : ........................................

२. आयोजना स्थलसम्म पुग्ने बाटो

| बाट(ठाउँ) | सम्म(ठाउँ) | सम्भाव्य साधन (पैदल वा गाडी) | अनुमानित दुरी र समय | |
|---|---|---|---|---|
| | | | कि.मी | घण्टा/ दिन |
| | | | | |

३. प्रस्तावित कार्य वा आयोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको विवरण

| सि. नं. | जग्गा धनीको नाम | स्थानीय निकायको नाम र ठेगना | परिवारमा सदस्य संख्या | कित्ता नं. | क्षेत्रफल रोपनी/बिघा | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

४. पुरानो सिंचाई आयोजना भए सो को पृष्ठभूमि

| सि. नं. | निर्माण आयोजनाको किसिम | गरी सकेको कार्य वर्ष | रकमको श्रोत | रकम रु. | कार्यक्रमको नाम | कार्यान्वयन विधि | हालको स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

५. पानीको श्रोत

| सि. नं. | श्रोतको नाम | किसिम (साल भरी/ वर्षामा मात्र) | औसत जल प्रवाह लिटर/से./घण्टा | | |
|---|---|---|---|---|---|
| | | | वर्षे | हिउँदे | चैते |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

नोट – पानीको श्रोतको किसिम साल भरी पानी हुने वा वर्षामा मात्र हुने के कस्तो हो खुलाउनु पर्ने ।

६. पानीको श्रोत/ मुहान बाँडफाँड सम्बन्धमा कुनै विवाद छ कि छैन ?: छ/छैन

७. जल उपभोक्ता कृषकहरुको संगठन

७.१ जल उपभोक्ता कृषकहरुको संगठन छ कि छैन ?: छ/छैन

७.२ यदि छ भने जिल्ला जलश्रोत समिति वा जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता भएको छ कि छैन ?: छ/छैन

- उपभोक्ताहरु संगठित हुन तयार छन कि छैनन्? छन्/छैनन्
- निर्माणको विभिन्न चरणमा सहभागिता जुटाउन तयार छन् कि छैनन् ? छन्/छैनन्

७.३ मर्मत सुधार आयोजना भए हाल चालु अवस्थामा छ कि छैन ? छ/छैन

७.४ यदि चालु छ भने हाल आयोजनाको सञ्चालन मर्मत सम्भार कसले गर्दै आएको छ ? √ चिनो लगाउनु होस्

७.४.१ जल उपभोक्ताहरु स्वयंद्वारा ( )

७.४.२ अन्य कुनै संस्थाद्वारा ( )

७.४.३ कुनै खास व्यवस्था वा प्रथा नभएको ( )

७.५ प्रस्तावित आयोजनाको निर्माण/ मर्मत सुधार भएपछि त्यसको सञ्चालन तथा मर्मत सम्भार गर्ने पूर्ण जिम्मेवारी लिन उपभोक्ताहरु तयार छन् कि छैनन ? छन् \छैनन्

८. मर्मत सुधार आयोजनाको संक्षिप्त विवरण

८.१ आधारभूत विवरण

८.१.१ हालको विवरण

मूल नहर/कूलो/ पैनी को हाल भै रहेको लम्वाई: ..................... कि.मी.



सचिव

शाखा नहर/कूलो/ पैनी को हाल भैरहेको लम्वाई: ..................... कि.मी.

सिंचित क्षेत्रफल : ..................... हेक्टर

संरचनाहरुको संख्या : ..............वटा

वर्षे बाली लाग्ने क्षेत्रफल: ................हेक्टर

हिउँदे बाली लाग्ने क्षेत्रफल: ........... हेक्टर

चैते बाली लाग्ने क्षेत्रफल: ............. हेक्टर

८.१.२ प्रस्तावित कार्यको विवरण

विस्तार वा नयाँ थप्नु पर्ने मूल नहर/कूलो/ पैनी को लम्बाई: ............कि.मी.

विस्तार वा नयाँ थप्नु पर्ने शाखा नहर/कूलो/ पैनी को लम्बाई: ..............कि.मी.

विस्तार वा नयाँ थप्नु पर्ने सिंचित क्षेत्रफल: ...............हेक्टर

विस्तार वा नयाँ थप्नु पर्ने संरचनाहरुको संख्या: ......... वटा

थप बर्षे बाली लाग्ने क्षेत्रफल: ............हेक्टर

थप हिंउदे बाली लाग्ने क्षेत्रफल: ............हेक्टर

थप चैते बाली लाग्ने क्षेत्रफल: .............हेक्टर

८.२ आधारभूत समस्या (विवरण छोटकरीमा उल्लेख गर्ने)

८.२.१ मुहान बाट पानी ल्याउँदा पर्ने समस्या : ..........................................................................................

८.२.२ मूल नहर/कूलो/ पैनी मा पानी चुहिने समस्या : ...................................................................................

८.२.३ मूल नहर मूल नहर/कूलो/ पैनी मा भत्कने वा चुहिने समस्या : ...................................................

८.२.४ स्थायी स्ट्रक्चर नभएको : .................................................................................................................

८.२.५ सिंचाई व्यवस्थापनको लागि सेडहरु नभएको: ......................................................................................

८.२.६ नदी कटान पहिरो जाने : ...................................................................................................................

८.२.७ अन्य समस्या : .....................................................................................................................................

८.३ सहयोगको आवश्यकता

८.३.१ मुहानमा नदी नियन्त्रण : गर्नुपर्ने/नपर्ने

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर, नेपाल

८.३.२ बाँध वा इन्टेक निर्माण : गर्नुपर्ने/नपर्ने

८.३.३ मुल नहरको केही ठाउँ लाईनिङ्ग : गर्नुपर्ने/नपर्ने

८.३.४ खोल्सा तथा अन्य ठाउँमा स्थायी स्ट्रक्चर : बनाउनु पर्ने/नपर्ने

८.३.५ मूल नहर/कूलो/ पैनी मा : क्षमता वढाउने/ लम्वाई वढाउने/दुवै

८.३.६ शाखा नहर/कूलो/ पैनी मा : नयाँ निर्माण गर्नुपर्ने/क्षमता वढाउने /लम्वाई वढाउने /सवै

८.३.७ पानी वाँडफाँडका लागि आवश्यक संरचना : गर्नु पर्ने/नपर्ने

८.४ जल उपभोक्ता कृषकहरु स्वयंले निर्माण गर्न नसक्नुका कारणहरु (चिन्ह लगाउनुहोला):

८.४.१ ठूलो रकमको आवश्यकता पर्ने ( )

८.४.२ प्राविधिक सीप र ज्ञान नभएकोले ( )

८.४.३ धेरै पटक विग्रे भत्केकोले स्थायी समाधान खोजेको ( )

८.४.४ जल उपभोक्ताहरुमा संगठनात्मक स्वरुप नभएको ( )

८.४.५ संगठन भएतापनि सक्रियता नभएको ( )

८.४.६ धेरै पटक कोशिस गरेर असफल भएको ( )

**९. जल उपभोक्ता कृषकहरुको अग्रसरता**

आयोजनाको कार्यमा लाग्ने कुल खर्चमा निम्न अनुरुप सहभागिता व्यहोरिने:

९.१ रकममा . . . . . . प्रतिशत

९.२ श्रमदानमा . . . . . प्रतिशत

९.३ जिन्सीमा . . . . . प्रतिशत

सचिव

निवेदन फाराम (ग)

बोरिङ्ग/इनार/पम्पसेट निर्माणको लागि:

१. सार्वजनिक स्थानमा बोरिङ्ग/इनार/पम्पसेट सिंचाई योजनाको हकमा बोरिङ्ग/इनार/पम्पसेट गाड्ने समस्या: छ/छैन

२. बोरिङ्ग/इनार/पम्पसेट गाड्ने जग्गाको इच्छापत्र वा लालपुर्जाको प्रतिलिपि : छ/छैन

३. बोरिङ्ग/इनार/पम्पसेट गाडेको स्थानवाट पानी वितरण गर्ने खेतवारीको औसत दुरी : ......... कि.मी.

४. बोरिङ्ग/इनार/पम्पसेटबाट सिंचित हुने क्षेत्रफल : .......... हेक्टर

५. बोरिङ्ग/इनार/पम्पसेटको रेखदेखको लागि सेड हाउस : वनाउनु पर्ने/नपर्ने

६. बोरिङ्ग/इनार/पम्पसेट मर्मत/सम्भारको लागि समूहको हितकोष रकम मौज्दात: छ/छैन

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

अनुसूची २

## इष्टिमेट अनुसार उपभोक्ता तथा कृषि ज्ञान केन्द्रले सम्पन्न गर्ने कार्यको बाँडफाँड

| कृषि ज्ञान केन्द्रले गर्ने कार्यहरु | | | | लाभग्राहीहरुले गर्ने कार्यहरु | | | |
|---|---|---|---|---|---|---|---|
| आइटम नं | आइटमको विवरण | परिमाण | मूल्य | आइटम नं | आइटमको विवरण | परिमाण | मूल्य |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |
| प्रतिशत खर्च | | | | | | | |

कार्य सम्पन्न गर्ने मिति :

सचिव

## अनुसूची ३

### साना सिंचाई विशेष कार्यक्रम सम्बन्धी सम्झौता पत्र (नमूना)

१. यो सम्झौता पत्र कृषि ज्ञान केन्द्र (यसपछि पहिलो पक्ष भनिने) र सहकारी संस्था/जल उपभोक्ता संस्था/कृषक समूह/कृषि फार्म (यसपछि दोस्रो पक्ष भनिने) बीच साना सिंचाई आयोजना कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ ।

२. यो सम्झौता, सम्झौता भएको मितिदेखि प्रारम्भ भएको मानिने छ ।

३. दोस्रो पक्षले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ ।

४. यस साना सिंचाई योजनाको निर्माण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ । आफैले नगरी दोश्रो व्यक्ति वा संस्थालाई ठेक्कापट्टा दिई गराउन पाइने छैन ।

५. पहिलो पक्षले दोस्रो पक्षलाई इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न आयोजनाको प्रकृति अनुसार वढीमा तीन किस्तामा (पहिलोमा ......प्रतिशत, दोश्रोमा .......प्रतिशत र अन्तिममा ......प्रतिशतले अनुदान रकम उपलव्ध गराउने छ ।

६. प्रथम किस्ता स्वरुप रकम प्राप्त गर्न सम्बन्धित दोस्रो पक्षले कम्तिमा १५ प्रतिशतसम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनु पर्नेछ ।

७. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकवाट कामको मूल्यांकनको आधारमा रकम भुक्तानी गरिनेछ ।

८. दोस्रो पक्षले यसै योजनाको लागि आफ्नै श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ ।

९. दोस्रो पक्षले काम गर्दा पहिलो पक्षवाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

१०. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा आयोजनाको कार्य सम्पन्न भै सकेपछि दोस्रो पक्षले सम्बन्धित प्राविधिकबाट आयोजना सुपरभिजन गराई फाइनल विल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षको वैठकवाट निर्णय गराई भुक्तानीका लागि पहिलो पक्षमा पेश गर्नुपर्ने छ । सामान्यतयाः पहिलो पक्षमा पेश भएको सात दिन भित्र सम्बन्धित दोस्रो पक्षको नाममा बैंक चेक मार्फत भुक्तानी दिइनेछ ।

११. यस योजनाको निर्माण कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ ।

१२. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१३. दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक परीक्षण (Public Auditing) गराउनुपर्नेछ ।

१४.सम्झौता भएको मिति देखि .......... दिन भित्र यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

१५.आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

१६.निर्माण कार्य अथवा यस सम्बन्धी कुनै विवाद आएमा साना सिंचाई विशेष कार्यक्रम छनौट समितिको निर्णय नै अन्तिम मानिनेछ।

१७.यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| ......................... | .............................. | .......................... |
|---|---|---|
| अध्यक्ष/प्रतिनिधि | कार्यक्रम संयोजक | प्रमुख, कृषि ज्ञान केन्द्र |
| नाम : | नाम : | नाम : |
| उपभोक्ता समूहको नाम : | कार्यालय : | कार्यालय : |
| संस्थाको छाप : | | |

साक्षी :

१)

२)

सचिव १५

अनुसूची [illegible]

## साना सिंचाई विशेष कार्यक्रम अभिलेख (रेकर्ड) फाराम (नमूना)

जिल्ला :

आयोजनाको नाम : वजेट शिर्षक नं. :

आयोजनाको अवधि : आ.व. :

जम्मा निकासा रु. : जम्मा खर्च रु. : भारित प्रगति :

(रकम रु. हजारमा)

| सि. नं. | आयोजनाको नाम | आयोजनाको किसिम (नयाँ निर्माण/पुरानो मर्मत सम्भार) | ठेगाना | ल.इ. रकम | जम्मा खर्च रु | | | | लाभान्वित परिवार संख्या | सिचाई हुने क्षेत्रफल हे | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यालयको स्वीकृत बजेट | जनसहभागिता | अन्य संघ संस्थाबाट सहयोग | जम्मा रु | | नयाँ निर्माणबाट | पुराना मर्मत संभारबाट | जम्मा | सिंचाई सुविधा उपलब्धबाट उत्पादनमा हुन सक्ने वृद्धि (मे टन ) | कैफियत |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

नोट : १.जन सहभागिताको कोलममा प्रतिशत समेत खुलाउने ।

२.परिवार भन्नाले एउटै घरमा बसी एउटै चुल्होमा खाना खाने सदस्यहरु (परिवारका) को समूह भन्ने बुझाउँदछ । एउटै घरमा एक भन्दा बढी परिवार पनि बस्न सक्ने हुँदा लाभान्वित परिवार संख्याको कोलममा परिवारका सदस्य संख्या उल्लेख नगरी परिवार संख्या उल्लेख गर्ने ।

सचिव